राष्ट्रको सञ्चार
नेपाल टेलिकम
# Telecom Newsletter
नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Volume 19, Issue 6 No. 126 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Paush 2076 (January 2020)

## ‘स्वर्गकी रानी’ रारामा नेपाल टेलिकमको फोरजी सेवा



नेपाल टेलिकमले दुर्गम स्थानमा रहेको मुलुककै आकर्षक र प्रसिद्ध पर्यटकीय स्थल रारा तालमा अत्याधुनिक प्रविधिको फोरजी मोबाइल सेवा उपलब्ध गराएको छ। तीव्र गतिको इन्टरनेट सेवा प्रयोग गर्न सकिने यो सेवाको सञ्चालन मुगुको रारा ताल क्षेत्रमा ०७६ मंसिर १९ देखि भएको हो।

कर्णाली अञ्चलका ५ जिल्लामध्ये मुगुको रारा तालमा पर्यटक, स्थानीय वासिन्दा र व्यवसायीको सुविधालाई ध्यानमा राखी पहिलोपटक फोरजी सेवा प्रदान गरिएको हो। यो सेवाको शुरुवातसँगै स्थानीय व्यवसायी र वासिन्दालाई उच्च गतिको डाटा सेवा प्रयोग गरी व्यवसाय प्रवर्द्धन तथा प्रचार गर्न सहज भएको छ।

त्यस क्षेत्रमा जाने पर्यटकले त्यहाँका दृश्य तथा गतिविधिहरु कम्पनीको फोरजी नेटवर्क प्रयोग गरी तत्काल प्रत्यक्ष प्रसारण समेत गर्न सक्छन्। समुद्री सतहभन्दा २९७२ मिटर उचाइमा रहेको यस तालमा वार्षिक ६० हजारभन्दा बढी आन्तरिक तथा

(बाँकी २ पेजमा)

## देशव्यापी हुँदै तीव्र गतिको डाटा र भ्वाइस सेवा चल्ने एफटीटीएच प्रविधि




नेपाल टेलिकमले नेपालभर विभिन्न स्थानहरुमा तीव्र गतिको डाटा र भ्वाइस सेवा समेत चलाउन मिल्ने एफटीटीएच अर्थात फाइबर टु द होम सेवा उपलब्ध गराइरहेको छ। काठमाडौं उपत्यकाबाट वितरण प्रारम्भ गरिएको एफटीटीएच सेवा हाल नेपालभर २५ जिल्लाका विभिन्न स्थानमा उपलब्ध छ।

काठमाडौंमा यो सेवा कीर्तिपुर कार्यालय अन्तर्गत भत्केपाटी रुट, एक्सचेन्ज एरिया, नगाउँ दोबाटो चोक, नगाउँ, कीर्तिपुर विहार, कीर्तिपुर, कीर्तिपुर ढोकासी, चिखु प्लानिङ, कुमारी क्लब र ट्याङ्लाफाँट क्षेत्रमा वितरण भइरहेको छ। त्यसैगरी गोंगबु कार्यालय अन्तर्गत चमती, गोंगबु चोक रिङरोड, खुशिबु टाउन प्लानिङ, खुशिबु नयाँ बजार र बसुन्धरा क्षेत्रमा यो सेवा उपलब्ध छ। नक्साल एक्सचेन्जबाट पुतलीसडकमा कुमारी बैंकको विपरित क्षेत्र, पुतलीसडक, स्टार मल, डिल्लीबजार, डिल्लीबजार पिपलबोट, चारखाल, ज्ञानेश्वर, घट्टेकुलो, मैतीदेवी, खसीबजार र कृष्ण पाउरोटी क्षेत्रमा एफटीटीएच सेवा प्राप्त गर्न सकिन्छ।

छाउनी कार्यालय अन्तर्गत कालिमाटी, ताहाचल, छाउनी, बाफल र गाईबाच्छा पाटी क्षेत्रमा र नैकाप अन्तर्गत सिभिल होम्स तीनथाना, अर्किड कोलोनी, ढुंगेअड्डा तथा ढुंगेअड्डादेखि तीनथाना क्षेत्रमा यो सेवा वितरण भइरहेको छ।

(बाँकी ३ पेजमा)

# कर्णाली र सुदुर पश्चिममा सूचना महामार्ग निर्माणको जिम्मा नेपाल टेलिकमलाई



कर्णाली र सुदुर पश्चिम प्रदेश खण्डमा सूचना महामार्ग निर्माण गर्न नेपाल टेलिकम र दूरसञ्चार प्राधिकरणबीच ०७६ मंसिर १९ गते समझदारी भएको छ। नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारी र दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले दुई वर्षभित्र करिब २५ सय किलोमिटर अप्टिकल फाइबर बिछ्याउने सो समझदारी पत्रमा हस्ताक्षर गर्नुभएको हो।

सो कार्यक्रममा प्राधिकरणका अध्यक्ष खनालले सरकारले घोषणा गरेको आर्थिक समृद्धिको आधारशिलाका रुपमा सूचना महामार्ग निर्माणलाई अघि बढाइएको बताउँदै निर्धारित समयमै कार्य सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो।

हस्ताक्षर समारोहमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक अधिकारीले सूचना र प्रविधिका

(बाँकी २ पेजमा)

## ऐतिहासिक ‘साग’मा नेपाल टेलिकम पार्टनर स्पोन्सर



नेपाल टेलिकम पार्टनर स्पोन्सर रहेको १३औं दक्षिण एसियाली खेल महोत्सव साग ऐतिहासिक बनेको छ। गत मंसिर १५ देखि २४ गतेसम्म नेपालका विभिन्न स्थानमा सम्पन्न भएको दक्षिण एशियाका सात मुलुकहरुले भाग लिएका १३औं दक्षिण एशियाली खेलकुद (साग)मा नेपालले ५१ वटा स्वर्णसहित जम्मा २०६ वटा पदक प्राप्त गरेको छ। कम्पनीले १३औं दक्षिण एशियाली खेलकुद प्रतिस्पर्धामा सहभागी सम्पूर्ण खेलाडी, पाहुना, आयोजक, कर्मचारी तथा सहयोगीहरुलाई निःशुल्क फोरजी सिमकार्ड समेत उपलब्ध गराएको थियो।

काठमाडौ, जनकपुर र पोखरामा सम्पन्न यस खेल महोत्सवमा सहभागी सम्पूर्ण खेलाडी,

(बाँकी २ पेजमा)

# अन्तर्राष्ट्रिय रोमिङ सेवा सम्बन्धी जानकारी




*अन्तर्राष्ट्रिय रोमिङ सेवा सम्बन्धी ग्राहकका विभिन्न जिज्ञासाहरु रहेको पाइन्छ । ती जिज्ञासाहरुलाई सम्बोधन गर्ने गरी विभिन्न जानकारी दिने प्रयास गरिएको छ ।*

**सम्पूर्ण मोबाइल ग्राहकहरुका लागि उपयोगी जानकारी**

**१. अन्तर्राष्ट्रिय रोमिङ सेवा भनेको के हो ?**

अन्य देशमा समेत नेपाल टेलिकमकै मोबाइल नम्बर प्रयोग गर्न सकिने सुविधा नै अन्तर्राष्ट्रिय रोमिङ सेवा हो । यो सुविधा लिएपछि विदेश गएको समयमा पनि नेपाल टेलिकमकै मोबाइल नम्बर (सिम) प्रयोग गरी कल गर्न र उठाउन, इन्टरनेट चलाउन तथा एसएमएस पठाउन र पाउन सकिन्छ ।

**२. यसका लागि कति शुल्क लाग्छ र कुन कुन देशमा रोमिङ सेवा प्रयोग गर्न सकिन्छ ?**

रोमिङ सेवाको शुल्क र यो सेवा प्रयोग गर्न सकिने देशहरुको सूची सहितको विस्तृत जानकारी https://www.ntc.net.np/pages/view/roaming मा हेर्न सकिन्छ ।

**३. विदेशमै रोमिङमा भएका बेला मोबाइलको सञ्चित रकम सकियो भने कसरी रिचार्ज वा टप अप गर्न सकिन्छ ?**

विदेशमा रोमिङ सेवा प्रयोग गरिरहेकै समयमा सञ्चित रकम सकिएमा विभिन्न तरिकाबाट रिचार्ज गर्न सकिन्छ ।

क. कम्पनीको रिचार्ज कार्ड छ भने वा नेपालबाटै रिचार्ज कार्ड नम्बर मगाएर नेपालमा जस्तै गरी युएसएसडी (USSD) कोड मार्फत सजिलै रिचार्ज गर्न सकिन्छ ।

ख. अनलाइन सेवाहरु जस्तैः ई-सेवा, खल्ती तथा विभिन्न अनलाइन बैंकिङ सेवामार्फत पनि तपाई रहनु भएको मुलुकबाटै रिचार्ज गर्न सकिन्छ ।

ग. तपाईंका आफन्तले नेपालबाटै कुनै पनि तरिका अपनाएर तपाईंको मोबाइलमा रकम राखिदिन सक्नुहुन्छ ।

**४. रोमिङमा रहेका बेला मोबाइलमा रकम कति छ वा छैन भनी कसरी थाहा पाउन सकिन्छ ?**

तपाई जहाँ रहनु भएपनि अरु बेलाको झैं सामान्य प्रक्रियाबाटै सञ्चित रकम अर्थात व्यालेन्स थाहा पाउन सकिन्छ । उदाहरणका लागि *400# डायल गर्न सकिन्छ ।

**५. रोमिङमा रहेका बेला स्थानीय कल कसरी गर्न सकिन्छ ?**

तपाईं जुन मुलुकमा रहनुभएको छ, सोही मुलुकको फोन नम्बरमा सोझै वा उक्त मुलुकको कन्ट्री कोड सहित डायल गरी फोन गर्न सकिन्छ । उदाहरणका लागि तपाई भारतमा हुनुहुन्छ भने त्यहाँको स्थानीय मोबाइल नम्बरमा सोझै डायल गर्न सक्नुहुन्छ वा त्यहाँको कोड नम्बर +91XXXXXXXXXX समेत राखी फोन गर्नुपर्ने हुन्छ ।

यसैगरी चीनमा हुनुहुन्छ भने सिधै त्यहाँको स्थानीय मोबाइल नम्बरमा वा चीनको अन्तर्राष्ट्रिय कोड नम्बर सहित +86XXXXXXXXXX मा कुरा गर्न सकिन्छ ।

**६. रोमिङमा भएका बेला विदेशबाट नेपालमा चाहिं कसरी फोन गर्न सकिन्छ ?**

रोमिङमा रहेका बेला नेपालको कोड नम्बर 00 (वा +) 977 सहित फोन नम्बरमा डायल गर्नु पर्छ । उदाहरणका लागि मोबाइल नम्बरमा कल गर्नका लागि +97798XXXXXXXX राखी डायल गर्नु पर्छ ।

यदि नेपालको स्थानीय टेलिफोनमा कुरा गर्ने हो भने 00 (वा +) 977 पछि जिल्लाको कोड नम्बर र स्थानीय नम्बर डायल गर्नु पर्छ । जस्तै : काठमाडौंको स्थानीय टेलिफोन नम्बरमा कुरा गर्ने हो भने +9771XXXXXXX डायल गर्नु पर्छ ।

**७. रोमिङमा भएका बेला अर्को मुलुकमा फोन गर्नुपर्दा कसरी गर्न सकिन्छ ?**

अर्को मुलुकमा फोन गर्नका लागि आफूले कल गर्नुपर्ने देशको सही नम्बर कन्ट्री कोड सहित डायल गर्नुपर्छ । उदाहरणका लागि यदि तपाईं भारतमा हुनुहुन्छ र चीनमा कल गर्नु परेको छ भने शुरुमा ०० (वा +) र त्यसपछि ८६ (चीनको कन्ट्री कोड) अनि त्यसपछि चीनको फोन नम्बर डायल गर्नुपर्छ । त्यसैगरी यदि तपाई चीनमा हुनुहुन्छ र भारतमा कल गर्नुपरेको छ भने शुरुमा ०० (वा +) र त्यसपछि ९१ (भारतको कन्ट्री कोड) अनि त्यसपछि भारतको फोन नम्बर डायल गर्नुपर्छ ।

**८. रोमिङमा भएको समयमा सन्देश अर्थात एसएमएस (SMS) कसरी पठाउन सकिन्छ ?**

रोमिङमा भएको समयमा एसएमएस पठाउनका लागि पठाउनु पर्ने एसएमएस लेखिसके पछि पठाउनु पर्ने कन्ट्री कोड सहित सही मोबाइल नम्बर राख्नुपर्छ । उदाहरणका लागि नेपालमा एसएमएस पठाउनु पर्‍यो भने +977 98XXXXXXXX नम्बर राख्नु पर्छ ।

**९. रोमिङमा हुँदा प्रयोग गर्नका लागि कुनै प्याक/अफर पनि उपलब्ध छ कि ?**

छ, भारतका लागि नेपाल टेलिकमले दैनिक, साप्ताहिक र मासिक डाटा रोमिङ प्याक उपलब्ध गराएको छ । डाटा रोमिङ प्याक खरिद गरी सेवाग्राहीले भारतमा हुँदा लगभग स्थानीय दरमै डाटा प्रयोग गर्न सक्छन् । यी प्याकहरु *1415*7# डायल गरेर वा 'नेपाल टेलिकम' मोबाइल एपमार्फत समेत खरिद गर्न सकिन्छ । छिट्टै मित्रराष्ट्र चीनलगायत अन्य देशहरुमा समेत लागू हुने गरी रोमिङ प्याकको तयारी भइरहेको छ । यी प्याकहरुको बारेमा विस्तृत जानकारी लिन https://www.ntc.net.np/pages/view/ roaming हेर्न सकिन्छ ।

**१०. रोमिङ सेवा लिएर विदेशमा जाँदा तपाईंको मोबाइलले सो देशको नेटवर्क आफैं समाएन भने के गर्नुपर्छ ?**

यदि रोमिङ सेवा लिएर विदेश जानुभएको छ भने सामान्यतया तपाईंको मोबाइलले आफैं विदेशी क्षेत्रमा कम्पनीका सेवाहरु सहजै र तीव्र गतिमा उपलब्ध गराएको थियो ।

(१ पेजको बाँकी)

## 'स्वर्गकी रानी' रारामा ...

बाह्य पर्यटकको भ्रमण हुने गरेको छ ।

राजा महेन्द्रद्वारा वि.सं.२०२० सालमै रारा ताललाई स्वर्गकी रानीको उपमा दिएर यसको सुन्दरताको बयान गरिएको थियो । फोरजी सेवाको विस्तारसँगै भ्रमण वर्ष २०२० का अवसरमा रारा ताल एक प्रमुख पर्यटकीय गन्तव्यका रुपमा स्थापित हुनसक्ने सम्भावना बढेको छायाँनाथ रारा नगरपालिकाका मेयर हरिजंग शाहीले बताउनु भयो । रारा नेपालको सबैभन्दा ठूलो ताल पनि हो ।

पर्यटकीय मौसममा पर्यटकका टेन्ट र फायर क्याम्पिङले भरिने मिलिचौर, नेपाली सेनाको श्रीदल गण क्षेत्र तथा स्थानीय व्यवसायीहरु फोरजी सेवाबाट लाभान्वित हुनेछन् ।

(१ पेजको बाँकी)

## ऐतिहासिक 'साग'मा ...

पाहुना, आयोजक, कर्मचारी तथा सहयोगीहरुका लागि कम्पनीले ४ हजार ५ सय निःशुल्क फोरजी सिमकार्ड उपलब्ध गराएको हो । सो खेलमा भाग लिन आएका विदेशी खेलाडी तथा पाहुनाका लागि नेपाल टेलिकमका सेवाहरु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमै काउण्टर राखी साग आयोजक कमिटीले प्रदान गरेको थियो ।

एकताको भावनामा बढोत्तरी गर्नसक्ने ठानिएको सो खेल प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्नका लागि नेपाल टेलिकमले खेल अवधिभर खेलस्थलहरुमा अतिरिक्त मोबाइल टावरको पनि व्यवस्था गरेको थियो । मोबाइल भ्यान तथा खेल स्थल वरपर थप गरिएका अन्य मोबाइल टावरहरुबाट सञ्चालित नेटवर्कले त्यस क्षेत्रमा कम्पनीका सेवाहरु सहजै र तीव्र गतिमा उपलब्ध गराएको थियो ।

कम्पनीले खेलाडी, प्रशिक्षक, अफिसियल, जज, रेफ्री लगायत सम्पूर्ण खेलकर्मीहरुको आकस्मिक स्वास्थ्य सेवाका लागि स्वास्थ्य हटलाइन सेवा एक महिनाका लागि निःशुल्क उपलब्ध गराएको थियो । यसका लागि ११६६ short code मार्फत कल गरेर सेवा प्रयोग गर्न सकिने व्यवस्था मिलाइएको थियो । कम्पनीले खेलस्थलहरुमा ग्राहक सेवाका साथै फोरजी लगायत अन्य सेवाको प्रचारप्रसार तथा व्यवसाय प्रवर्द्धन कार्यका लागि स्टल समेत राखको थियो ।

नेपाल टेलिकम खेलमा सहभागी सम्पूर्ण खेलाडी तथा पाहुनाहरुको सुस्वास्थ्यको कामनाका साथै खेलको ऐतिहासिक सफलताका लागि सम्पूर्ण विजयी खेलाडीहरुलाई हार्दिक बधाई ज्ञापन गर्दछ ।

(१ पेजको बाँकी)

## कर्णाली र सुदुर पश्चिममा ...

कोणबाट मात्र नभई डिजिटल अर्थतन्त्र निर्माणका लागि समेत यो आयोजना अति महत्वपूर्ण रहेको उल्लेख गर्दै यस्ता आयोजनाले मुलुकमा प्राविधिक र आर्थिक रुपान्तरण ल्याउन मद्दत पुग्ने बताउनु भयो ।

कर्णाली र सुदुरपश्चिम प्रदेशका मध्यपहाडी लोकमार्ग, पूर्व-पश्चिम, उत्तर-दक्षिणका साथै हुलाकी मार्गहरु, जिल्ला सदरमुकाम र नगरपालिकाहरुलाई समेत यस आयोजनाले सूचना महामार्गको सञ्जालमा जोड्ने लक्ष्य रहेको छ । नेपाल टेलिकमले निर्माण गर्ने यो आयोजनाले रुकुमको मुसिकोटदेखि बैतडीको झुलाघाटसम्म नेटवर्क विस्तार हुनेछ । साथै ती दुई प्रदेशका सहित बाँके र बर्दिया समेत गरी कुल २० जिल्लामा अप्टिकल फाइबर नेटवर्क विस्तार हुनेछ ।

यस आयोजना अन्तर्गत मध्यपहाडी लोकमार्ग, पूर्व-पश्चिम राजमार्ग र हुलाकी राजमार्गमा न्यूनतम ९६ कोरको तथा जिल्ला सदरमुकाम र नगरपालिकासम्म न्यूनतम क्रमशः ४८ र २४ कोरको अप्टिकल फाइबर नेटवर्क विस्तार गरिनेछ ।

यसका साथै आवश्यकता अनुसार ४०० गिगाविट प्रति सेकेण्डसम्म क्षमता अभिवृद्धि गर्न सकिने गरी १०० गिगाविट प्रति सेकेण्ड क्षमताका पोर्ट तथा १० गिगाविट प्रति सेकेण्ड क्षमताका पोर्ट वा दुवैको मिश्रण रहेका कोर राउटर प्रयोगमा ल्याइनेछ । यस अप्टिकल फाइबर सञ्जालमा करिब २६ स्थानमा डीडब्ल्युडीएम र ५२ स्थानमा राउटर प्रयोगमा आउनेछन् । विस्तृत अध्ययन पश्चात् एक महिनाभित्र सम्झौता गरिसक्ने समझदारीमा उल्लेख छ ।

नेटवर्क समात्छ । यदि त्यसो भएन भने यसलाई म्यानुअल रुपमा मिलाउनु पर्छ ।

विभिन्न प्रकारका मोबाइल सेटका लागि म्यानुअल तरिका पनि फरक फरक हुन्छ । सामान्य रुपमा मोबाइल सेटको 'सेटिङ' मा गई त्यसपछि 'मोबाइल नेटवर्क'मा गएर 'नेटवर्क' खोज्नुपर्छ । त्यसपछि आफूले प्रयोग गर्ने मोबाइल अपरेटरको नेटवर्क छान्नुपर्छ ।

**११. रोमिङ सेवाको बारेमा बुझ्न वा गुनासो तथा सुझावका लागि कहाँ सम्पर्क गर्न सकिन्छ ?**

यसका लागि नेपालमा भए १४९८ मा कल गर्न वा रोमिङमा रहेको बेला roaming.support@ntc.net.np मा इमेल गर्न सकिन्छ ।

**पोष्टपेड मोबाइल ग्राहकका लागि मात्र उपयोगी जानकारी**

**१२. पोष्टपेड मोबाइलमा अन्तर्राष्ट्रिय रोमिङ सेवा कसरी सुचारु गर्न सकिन्छ ?**

यसका लागि नजिकको नेपाल टेलिकमको काउन्टरमा गई रोमिङ सुविधा सुचारु गर्न अनुरोध गरिएको फारम भरेर न्यूनतम १० हजार रुपैयाँ धरौटी राख्नुपर्छ । रोमिङ सुविधाका लागि सम्झौता गरिने कागजातमा हस्ताक्षर गर्नुपर्छ । आगामी दिनमा यसलाई अनलाइनमार्फत वा युएसएसडी (USSD) कोडबाट समेत सक्रिय गर्न सकिने गरी तयारी हुँदैछ । यस पश्चात हालको जस्तो कम्पनीको काउन्टरमै पुग्नुपर्ने बाध्यता हट्ने छ ।

**प्रिपेड ग्राहकका लागि मात्र उपयोगी जानकारी**

**१३. नमस्ते प्रिपेडमा रोमिङ सेवा कसरी सुचारु गर्न सकिन्छ ?**

नमस्ते प्रिपेडमा रोमिङ सेवा सुचारु गराउनका लागि नेपाल टेलिकमको काउन्टरमै पुग्नु पर्दैन । आफ्नो प्रिपेड मोबाइलबाट *1415*7# डायल गरेर त्यहाँ उपलब्ध रोमिङ सेवा सुचारु गर्ने विकल्प छनोट गर्नुपर्छ । त्यसैगरी 'नेपाल टेलिकम' एपको प्रयोग गरेर पनि यो सेवा सुचारु गर्न सकिन्छ । विदेश भ्रमण गर्नु पहिले नेपालमै भएको समयमा नेपाल टेलिकम एप डाउनलोड गरी रजिष्टर गर्नुपर्छ ।

**१४. प्रिपेड रोमिङ सेवा लिन वा हटाउन शुल्क लाग्छ कि लाग्दैन ?**

यो सेवा लिन वा हटाउन कुनै पनि शुल्क लाग्दैन । यो पूर्णरुपमा निःशुल्क सेवा हो ।

**१५. 'नेपाल टेलिकम' मोबाइल एपबाट प्रिपेड रोमिङ सेवा कसरी सुचारु गर्न सकिन्छ ?**

'नेपाल टेलिकम' मोबाइल एपबाट प्रिपेड रोमिङ सेवा लिनका लागि निम्न बमोजिमको प्रक्रिया अपनाउनु पर्छ :

क. तपाईं नेपालमै भएको समयमा नेपाल टेलिकम एप डाउनलोड गरेर यसलाइ रजिष्टर गर्नुहोस् ।
ख. वाइफाइ भएको ठाउँमा जानुहोस् वा मोबाइल डाटालाई On गर्नुहोस् ।
ग. त्यसपछि 'Buy Packs' मा क्लिक गर्नुहोस् ।
घ. त्यस पश्चात् Package Type अन्तर्गत International Services छनोट गर्नुहोस् ।
ङ. त्यसपछि Sub Package Type अन्तर्गत GSM Prepaid Roaming Service छनोट गर्नुहोस् ।
च. यसपछि Data Package अन्तर्गत Roaming Activation छनोट गर्नुहोस् ।
छ. त्यस पश्चात् 'Buy Packs' क्लिक गर्नुहोस् ।
ज. 'OK' क्लिक गर्नुहोस् ।

**१६. के विदेश जानुभन्दा पहिले नै 'नेपाल टेलिकम' मोबाइल एप सुचारु गरिसक्नु पर्छ ?**

हो, एप सुचारु गर्नका लागि आवश्यक OTP कोड नेटवर्क नसमातेका बेला प्राप्त गर्न सकिदैन । OTP कोड प्राप्त नभई App Activation हुन सक्दैन । त्यसैले नेपालमै एपलाई सुचारु गर्नका लागि अनुरोध गरिन्छ ।

**१७. के विदेशबाटै प्रिपेड रोमिङ सेवा सुचारु गर्न सकिन्छ ?**

हो, सकिन्छ । तर यसका लागि पहिले नै मोबाइलमा 'नेपाल टेलिकम' एप रजिष्टर भइसकेको हुनुपर्छ र तपाई वाइफाई भएको ठाउँमा हुनुपर्छ ।

**१८. मेरो मोबाइलमा प्रशस्तै ब्यालेन्स छैन भने के हुन्छ ?**

रोमिङमा भएको समयमा सेवाग्राहीसँग न्यूनतम रकम सञ्चित हुनैपर्छ । यसले गर्दा कल गर्न र उठाउन वा एसएमएस पठाउन सकिन्छ । तर प्रशस्तै ब्यालेन्स नभए पनि एसएमएस प्राप्त गर्न भने सकिन्छ ।

**१९. प्रिपेड रोमिङ सेवालाई निष्क्रिय गर्न के गर्नुपर्छ ?**

प्रिपेड रोमिङ सेवा निष्क्रिय गर्नका लागि *1415*7# डायल गरी त्यहाँ भएको निष्क्रिय गर्ने विकल्प छनोट गर्नुपर्छ । यसलाई 'नेपाल टेलिकम' मोबाइल एपबाट पनि निष्क्रिय गर्न सकिन्छ ।

**२०. हाल नमस्ते प्रिपेड रोमिङ सेवा कहाँ-कहाँ प्रयोग गर्न सकिन्छ ?**

हाल नमस्ते प्रिपेड रोमिङ सेवा भारत र चीनमा मात्र उपलब्ध छ । अन्य देशमा पनि यो सेवा छिट्टै नै उपलब्ध हुनेछ ।

**अन्तर्राष्ट्रिय डाटा रोमिङ सेवा सम्बन्धी जानकारी**

**२१. अन्तर्राष्ट्रिय डाटा रोमिङ सेवा भनेको के हो ?**

अन्य देशमा रोमिङ सेवा लिएर गएको समयमा नेपाल टेलिकमकै सिम प्रयोग गरी इन्टरनेट चलाउन सकिने सुविधा अन्तर्राष्ट्रिय डाटा रोमिङ सेवा हो ।

**२२. डाटा रोमिङ सेवा कसरी सुचारु गर्न सकिन्छ ?**

आफ्नो मोबाइलमा अन्तर्राष्ट्रिय रोमिङ सेवा सुचारु गरेकै समयमा स्वतः डाटा रोमिङ सेवा पनि सुचारु हुन्छ । थप केही गर्नु पर्दैन ।

**२३. रोमिङमा भएको समयमा डाटा कसरी प्रयोग गर्न सकिन्छ ?**

रोमिङमा भएको समयमा डाटा प्रयोग गर्नका लागि मोबाइल फोनमा डाटा रोमिङ सुविधा Enable गरेको हुनुपर्छ । यसका लागि तल उल्लिखित प्रक्रिया अपनाउनु पर्छ :

**यदि तपाईं आइफोन प्रयोगकर्ता हो भने :**

क. आफूले भ्रमण गरिरहेको देशको नेटवर्कमा समाहित (Latch) हुनुहोस् ।
ख. मोबाइल फोनमा मोबाइल डाटा ON गर्नुहोस् ।
ग. 'Setting' मा जानुहोस् ।
घ. त्यसपछि 'Cellular' मा जानुहोस् ।
ङ. सेलुलर डाटालाई 'On' गर्नुहोस् ।
च. डाटा रोमिङलाई 'On' गर्नुहोस् ।

**यदि तपाईं एन्ड्रोइड फोन प्रयोगकर्ता हुनुहुन्छ भने :**

क. आफूले भ्रमण गरिरहेको देशको नेटवर्कमा समाहित (Latch) हुनुहोस् ।
ख. मोबाइल फोनमा मोबाइल डाटा Enable गर्नुहोस् ।
ग. 'Setting' मा जानुहोस् ।
घ. त्यसपछि 'Mobile Netwiork' मा जानुहोस् ।
ङ. अनि 'Data Roaming' मा जानुहोस् ।
च. डाटा रोमिङलाई 'On' गर्नुहोस् ।

अब तपाईंले डाटा रोमिङ सुविधा प्रयोग गर्न सक्नुहुन्छ ।

**२४. के डाटा रोमिङ सेवा सुचारु गर्नका लागि कुनै शुल्क लाग्छ ?**

डाटा रोमिङ सेवा सुचारु गर्नका लागि कुनै शुल्क लाग्दैन । मोबाइलमा अन्तर्राष्ट्रिय रोमिङ सुविधा सुचारु गरेकै समयमा स्वतः डाटा रोमिङ सुविधा उपलब्ध हुन्छ ।

## देशव्यापी हुँदै तीव्र गतिको ...

(१ पेजको बाँकी)

सुन्धारा कार्यालयबाट ठहिटी चोक, भेडासिंह, असन, बागदरबार र टेकु तथा हात्तीगौडा अन्तर्गत बसुन्धरा, महाराजगञ्ज, भाटभटेनी सुपरमार्केट नजिक, सुकेधारा र धुम्बाराही नजिक क्षेत्रमा यो सेवा उपलब्ध छ ।

बबरमहल कार्यालय अन्तर्गत अल्फा बिटा नजिक, बीआईसीसीको उत्तर, ह्वाइट हाउस नजिक र भेनस हस्पिटलको विपरित क्षेत्रमा यो सेवा उपलब्ध छ । त्यसैगरी ठिमी (गोठाटार) अन्तर्गत नमुना चोक, सनराइज चोक, काँडाघारी चोक नजिक र सनसिटी तथा चाबहिलमा कार्यालय नजिकको क्षेत्रमा यो सेवा उपलब्ध छ ।

ललितपुर जिल्लामा सैंबु, पाटन र ठैब कार्यालयबाट एफटीटीएच सेवा वितरण भइरहेको छ । सैंबु अन्तर्गत सैंबु कार्यालय, विनायक कोलोनी, जनता आवास र कार्यविनायक तथा पाटन कार्यालय अन्तर्गत बखुन्डोल नजिक, सानेपा चोक, झम्सिखेल, गुसिंगाल, कुपन्डोल र कानदेवता स्थानमा यो सेवा उपलब्ध छ । त्यसैगरी ठैब कार्यालय अन्तर्गत झरुवारासी, नयाँ वस्ती र दमाईटारमा यो सेवा उपलब्ध छ ।

भक्तपुर जिल्लामा भक्तपुर र ठिमी कार्यालयले एफटीटीएच सेवा उपलब्ध गराइरहेका छन् । भक्तपुर अन्तर्गत जितपुर र नगरकोट तथा ठिमी अन्तर्गत आँखा अस्पताल क्षेत्र, पुल नजिकै, क्याबिनेट २५ मा र कौशलटार क्षेत्रमा यो सेवा उपलब्ध छ ।

कास्कीको पोखरा तथा पार्दी क्षेत्रमा हल्लन चोक, जरेबर र लेक साइडमा यो सेवा लिन सकिन्छ । रुपन्देहीको भैरहवास्थित अञ्चलपुर, मिलनचोक र एक्सचेन्ज चोक, मंगलापुरस्थित पारामाउन्ट चोक, नयाँ मिल एरिया, दूरसञ्चार एक्सचेन्ज क्षेत्र र भक्तपुर चोक एरिया, बुटवलस्थित महेन्द्र चोक, ट्राफिक चोक र अमरपथ तथा सूर्यपुरामा यो सेवा उपलब्ध छ ।

काभ्रेको बनेपा कार्यालय नजिक यो सेवा उपलब्ध छ । त्यसैगरी दाङको घोराही, बागलुङको बागलुङ बजार, बाँकेको नेपालगन्जस्थित भृकुटीनगर, बसपार्क, कारकाँदो अन्तर्गत नेपाल विद्युत प्राधिकरणको क्षेत्रीय कार्यालय, धम्बोझी क्षेत्र, राँझा एयरपोर्ट, कोहलपुर र शिव मन्दिरमा यो सेवा उपलब्ध छ । चितवनको सौराहास्थित हात्तीचोक र बछौली चोक, भरतपुर क्षेत्र, टाँडी चोक, प्रहरी कार्यालय र दूरसञ्चार मोडमा यो सेवा प्रयोगमा ल्याउन सकिन्छ । मकवानपुरको हेटौंडास्थित वस्तीपुर, हेटौडा टेलिकम कार्यालय नजिकको क्षेत्र, बुद्धचोक, ओमभवन र चौकी टोल ओरालोमा यो सेवा उपलब्ध छ ।

मोरङको विराटनगरस्थित जलजला चोक, धनकुटाको त्रिवेणी चोक र हाइवे, धनुषाको जनकपुरस्थित शिवचोक, भानुचोक, महावीर चोक, मुरली चोक र प्रदेश २ का मुख्यमन्त्रीको कार्यालय क्षेत्रमा यो सेवा वितरण भइरहेको छ । झापाको दमकस्थित नाइट बस स्टप र विर्तामोडस्थित मुक्ति चोक र बस स्टपको पश्चिम क्षेत्रमा यो सेवा लिन सकिन्छ । त्यसैगरी कैलालीको धनगढीस्थित हुलाकी रोडको क्याम्पस चोक, शिवनगर चोक, ज्ञानु प्लाजा चौराहा र चौराहाको विपरित क्षेत्रमा यो सेवा उपलब्ध छ । कन्चनपुरको महेन्द्रनगरस्थित बजार लाइन तथा म्याग्दीको बेनी बजार र बेनी एक्सचेन्ज तथा नवलपरासीको बर्दघाटस्थित बाढीपीडित क्षेत्र र क्याबिनेट २ क्षेत्रमा यो सेवा उपलब्ध छ । पाल्पाको बजार क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।

सिन्धुपाल्चोकको तातोपानी ड्राइपोर्ट एरिया, सोलुखुम्बुको लुक्लास्थित चौरीखर्क, सुर्खेतको बजार नजिक १९ क्याबिनेट र वीरेन्द्र चोकमा यो सुविधा उपलब्ध छ ।

एफटीटीएच प्रविधिमार्फत परम्परागत तामाको तारको सट्टामा घरसम्म अप्टिकल फाइबर पुर्‍याई ट्रिपल प्ले अर्थात भ्वाइस, उच्च गतिको इन्टरनेट र भिडियो सेवाहरु प्रदान गर्न सकिने भएकाले ग्राहकका लागि यो सेवा प्रभावकारी र उपयोगी पनि छ । यो सेवा मुलुकभर विस्तार गर्न कम्पनीले तीव्र रुपले कार्य योजना अघि बढाएको छ । कम्पनीले यो सेवालाई 'एनटी फाइबर'को नाममा ब्रान्डिङ गरेको छ ।

नेपाल टेलिकमले एफटीटीएच अन्तर्गत व्यक्तिगत र कर्पोरेट युजरका साथै कम्बो प्याकेज समेत उपलब्ध गराइरहेको छ । यस अन्तर्गत न्यूनतम एक वर्षका लागि ८ एमबीपीएसको प्याक जम्मा ८ हजार रुपैयाँमा उपलब्ध छ । हाल एफटीटीएच प्याकेज अन्तर्गत नयाँ लाइन जडान गर्ने ग्राहकले एक थान वाइफाई राउटर (सीपीई) र एक सय मिटर ड्रप फाइबर निःशुल्क प्राप्त गर्नेछन् । यस सेवाका बारेमा थप जानकारी https://www.ntc.net.np/pages/view/fiber-to-the-home-ftth बाट पनि प्राप्त गर्न सकिन्छ ।

मंसिर मसान्तसम्म कम्पनीका यस सेवाका ग्राहक १६ हजारभन्दा बढी छन् ।

# प्रहरी फुटबल टिमको मुख्य प्रायोजक नेपाल टेलिकम




नेपाल टेलिकम एक वर्षका लागि नेपाल प्रहरीको पुरुष तथा महिला फुटबल टिमको मुख्य प्रयोजक भएको छ। यस सम्बन्धी दुवै निकायबीच २०७६ मंसिर ११ गते सम्झौता सम्पन्न भएको छ। सम्झौता पत्रमा नेपाल टेलिकमका तर्फबाट प्रबन्ध निर्देशक डिल्लीराम अधिकारी र नेपाल प्रहरीको तर्फबाट नेपाल प्रहरी केन्द्रीय खेलकुद समितिका अध्यक्ष तथा प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले हस्ताक्षर गर्नुभयो।

सम्झौताअनुसार नेपाल टेलिकम मंसिर ११ देखि नै लागू हुनेगरी आगामी एक वर्षसम्म नेपाल प्रहरी खेलकुद समिति अन्तर्गत रहेको नेपाल पुलिस क्लब पुरुष तथा महिला फुटबल टिमको मुख्य प्रायोजक बनेको छ। यस वापत नेपाल टेलिकमले नेपाल प्रहरीको फुटबल टिमलाई ३२,००,०००।- (बत्तिस लाख) रुपैयाँ उपलब्ध गराउने छ।

प्रहरी प्रधान कार्यालयमा सोही दिन आयोजित कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाललाई कम्पनीको लोगो अंकित जर्सी र फुटबल हस्तान्तरण गर्नुभयो।

सम्झौता अवधिभर नेपाल पुलिस क्लबका पुरुष तथा महिला खेलाडीहरुले नेपाल टेलिकमको नाम तथा लोगो अंकित जर्सी लगाएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलमा खेल्नेछन्। जर्सीको अगाडि भागको माथि दाहिने पट्टि नेपाल टेलिकमको लोगो रहने र बीच भागमा नेपाल टेलिकमको नाम लेखिने छ। त्यसैगरी हाफ पाइन्टको अगाडि भागको बायाँ पट्टि नेपाल टेलिकमको 'एनटी फोरजी' लोगो हुनेछ। त्यसैगरी नेपाल टेलिकमले आफ्ना विभिन्न प्रवर्द्धनात्मक सामग्रीहरुमा नेपाल पुलिस क्लबका पुरुष तथा महिला फुटबल टिमको नाम तथा फुटबल खेलाडीहरुको निःशुल्क प्रयोग गर्न सक्नेछ।

उक्त अवसरमा प्रबन्ध निर्देशक अधिकारीले खेलको माध्यमबाट राष्ट्रको गरिमा अभिवृद्धि हुने र राष्ट्रिय एकता समेत थप मजबुत हुने बताउँदै यस्तो कार्यमा सहयोग गर्न पाएकोमा कम्पनी गौरवान्वित भएको बताउँनु भयो। उहाँले आगामी एक वर्ष कम्पनीको व्यावसायिकता र नेपाल पुलिस क्लबका खेलाडीको खेलजीवन साथसाथै लैजान पाएकोमा खुशी पनि व्यक्त गर्नुभयो।

प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले नेपाल प्रहरी र नेपाल टेलिकमबीचको यो सम्झौतामार्फत फुटबलको माध्यमबाट खेलका साथै राष्ट्रिय एकता प्रवर्द्धन गर्न समेत विशिष्ट योगदान पुग्ने बताउनु भयो। खेल र खेलाडीलाई थप व्यावसायिक बनाउन यस्ता प्रयासले महत्वपूर्ण भूमिका निर्वाह गर्ने पनि उहाँले विश्वास व्यक्त गर्नुभयो।

यस सम्बन्धी सम्झौता गर्न आयोजित कार्यक्रममा नेपाल टेलिकमका नायब प्रबन्ध निर्देशकहरु तथा अन्य वरिष्ठ अधिकृतहरु एवं नेपाल प्रहरीको तर्फबाट प्रहरीका वरिष्ठ अधिकृतहरुका साथ क्लबका पुरुष तथा महिला खेलाडी तथा प्रशिक्षकको समेत उपस्थिति रहेको थियो।

## व्यवसाय प्रवर्द्धनमा बाणिज्य बैंकसँग सहकार्य



राष्ट्रिय वाणिज्य बैंकमा नयाँ खाता खोल्ने ग्राहकहरुलाई नेपाल टेलिकमको जीएसएम प्रिपेड मोबाइल सिम निःशुल्क उपलब्ध गराउने कार्य भइरहेको छ। टेलिकम र सो बैंकबीच व्यवसाय प्रवर्द्धनमा सहकार्य गर्ने योजना बमोजिम खाता खोल्ने ग्राहकलाई कम्पनीको सिमकार्ड निःशुल्क प्रदान गर्ने सम्झौता भएको हो। नेपाल टेलिकम र राष्ट्रिय वाणिज्य बैंकबीच २०७६ मंसिर १२ गते यस सम्बन्धी सम्झौता सम्पन्न भएको छ।

एक समारोहका बीच सम्झौता पत्रमा नेपाल टेलिकमका तर्फबाट प्रबन्ध निर्देशक डिल्लीराम अधिकारी र राष्ट्रिय वाणिज्य बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले हस्ताक्षर गर्नुभएको हो।

सम्झौता समारोहमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले मुलुकको सबैभन्दा ठूलो दूरसञ्चार कम्पनी र सबैभन्दा बढी वित्तीय सञ्जाल भएको राष्ट्रिय बाणिज्य बैंकबीचको सहकार्यले दुवै संस्थाको व्यवसाय अभिवृद्धि हुनुका साथै कार्यक्षमतामा समेत बढोत्तरी हुने बताउँनु भयो। उहाँले दुई संस्थाको सहकार्यबाट डिजिटल अर्थतन्त्र निर्माणका लागि प्रभावकारी वातावरण बन्नुका साथै मुलुकभरका जनता वित्तीय पहुँचमा पुग्ने उल्लेख गर्नुभयो।

सोही कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले २ करोडभन्दा बढी ग्राहक संख्या भएको नेपाल टेलिकम र ३० लाख बढी सेवाग्राही भएको राष्ट्रिय वाणिज्य बैंकबीचको यो सम्झौताले आम सेवाग्राहीहरु वित्तीय र प्रविधिगत रुपले निकै लाभान्वित हुने बताउँनु भयो। उहाँले यो सहकार्यबाट दुवै संस्थाले व्यावसायमा समेत ठूलो फड्को मार्ने विश्वास व्यक्त गर्नुभयो।

बैंकले मुलुकभर भएका २ सय ३८ वटै शाखाबाट नयाँ खाता खोल्ने ग्राहकलाई कम्पनीको सिम निःशुल्क रुपमा उपलब्ध गराउने छ। सो सिममा ५० रुपैयाँ टक भ्यालु समेत हुनेछ।

## 'राइड थ्रु सिन्धुलीगढी' मा कम्पनीको निःशुल्क सिमकार्ड




नेपाल टेलिकमले नेपालभर फोरजी सिम वितरण, परिवर्तन र स्तरोन्नति गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिरहेको छ। सोही अवसरमा सिन्धुलीमा कम्पनीले यस सम्बन्धी व्यवसाय प्रवर्द्धन कार्य सम्पन्न गरेको छ।

गत मंसिर ६ गते काठमाडौंको पशुपतिनाथ परिसरबाट प्रारम्भ भई जनकपुरमा पुगेर मंसिर ९ गते समापन भएको साइकल ऱ्याली 'राइड थ्रु सिन्धुलीगढी' र सांस्कृतिक कार्यक्रमको अवसरमा सिन्धुलीका स्थानीयवासीबीच सिम वितरण गर्नुका साथै सेवा तथा छुटहरुको बारेमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ। सो कार्यक्रम सिन्धुलीको मुलकोट, खनियाखर्क, सिन्धुलीमाडी र बलेनीका स्थानीय वासीहरुमाझ गरिएको थियो।

तत्कालीन नेपालमाथि आक्रमण गरेका बेला सिन्धुलीगढीमा सानो समूहको नेपाली सेनाले ४ हजारभन्दा बढी अंग्रेज सेनामाथि विजय प्राप्त गरेको सम्झनामा सम्वृद्ध सिन्धुली अभियानद्वारा विजय उत्सवका रुपमा आयोजित साइकल ऱ्यालीका अवसरमा सो कार्यक्रम गरिएको थियो। संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्री योगेश भट्टराईले पशुपतिनाथ परिसरबाट कम्पनीको लोगो अंकित झण्डा भएको साइकल कुदाएर शुरुवात गर्नुभएको सो ऱ्याली र सांस्कृतिक कार्यक्रममा कम्पनीले सिम वितरण तथा व्यापार प्रवर्द्धन कार्य गरेको हो।

ऱ्यालीमा विश्व साइकल यात्री पुष्कर शाहको समेत सहभागिता रहेको थियो। साइकल यात्रीहरुले समेत सो अवसरमा कम्पनीको व्यवसाय प्रवर्द्धनमा सहयोग पुऱ्याउनु भएको थियो।

कम्पनीले सहप्रायोजन गरेको साइकल ऱ्यालीका क्रममा मुलकोट र सिन्धुलीमाडीमा आयोजित विशाल सांस्कृतिक कार्यक्रममा कम्पनीको स्टल राखी सेवा प्रवर्द्धनका कार्य गरिएको थियो। सो अवसरमा विशेषतः कम्पनीका सेवा, छुट र फोरजीका बारेमा उपभोक्ताबाट राखिएका जिज्ञासालाई सम्बोधन गरिएको थियो।

**सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा**
e-mail: ntc.news@ntc.net.np **फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो** Newsletter www.ntc.net.np **मा पनि हेर्न सकिन्छ।**

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Krishna Prasad Bhandari**
Editor : **Umesh Dahal,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**